बैठक संख्या १ समयः विहान ११ बजे बैठक मिति २०८२।०४।२०

आज मिति २०८१ साल श्रावण २० गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | [signature] | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | [signature] | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | [signature] | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | [signature] | श्री नारायण सिंह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | [signature] | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | [signature] | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | [signature] | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | [signature] | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | [signature] | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | [signature] | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | [signature] | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | [signature] | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | [signature] | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः

तपसिलः

<u>प्रस्तावहरु:</u>

१. ५ नं वडामा वडा सचिवको जिम्मेवारी दिने सम्बन्धमा।

२. करार कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा।

३. वारेश नियुक्त गर्ने सम्बन्धमा।

माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरु:

निर्णय नं १  यस गाउँपालिकाको ५ नम्बर वडा सचिवको जिम्मेवारी  प्राविधिक सहायक  पाचौं तहका श्री चन्द्र सिह ठगुन्नालाई दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं २  सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को कार्यान्वयन गर्ने सिलसिलामा सुदूरपश्चिम प्रदेश स्थानीय  सेवा नियमावली स्वीकृत भइ सोही नियमावली बमोजिम यस गाउँपालिकाको व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भइ सुदूरपश्चिम प्रदेश किताव खानामा पद दर्ता भइ दरवन्दी तेरिज प्राप्त भएमा सबै करार कर्मचारीहरुको करार सम्झौता स्वत: भंग हुने गरी हाललाई यस गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार सम्झौताको म्याद चालु आर्थिक वर्ष २०८२/८३ को असोज मसान्त सम्म थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ३ सम्मानित अदालत तथा न्यायिक निकायहरुमा यस गाउँपालिकाको तर्फबाट फिराद, पुनरावेदन लगायतका मुद्दाहरु दायर गर्न र यस गाउँपालिकालाई विपक्षी बनाइ अदालत तथा न्यायिक निकायहरुमा दायर भएका मुद्दाहरुमा प्रतिउत्तर दर्ता गर्न, वारेस मुकरर गर्न, नक्कल लिन र कार्यान्वयन गर्न लगायतका अदालती काम कारवाही गर्न अधिवक्ता श्री मञ्जु बम (प्र. प. नं. २०५२६) का. जि. का. म. न. पा. १० शंखमुललाई वारेश तोक्ने निर्णय सर्वसम्मत पारित गरियो।